# मनराशिसवा नगरपालिका
## Manarashiswa Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office Of The Municipal Executive

मधेश प्रदेश, नेपाल/ madhesh Province, Nepal

प.स./ReferenceNo.: ०७९।०८०

च.नं./Dispatch No.: १८२०


मिति :-२०७९।१२।२७

विषय :-जानकारी गराईएको सम्बन्धमा ।

श्री सबै वडा कार्यालय एवं शाखाहरु,
मनराशिसवा नगरपालिका ।

उपरोक्त सम्बन्धमा आ.व.२०७९/०८० को लागी यस नगरपालिकाको दशौं नगरसभा बाट पारित आर्थिक ऐन-२०७९ र करको विवरण कार्यावयनको लागी यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

०७९।१२।२६

श्यामदेव महासेठ
प्रशासन शाखा प्रमुख

श्याम देव महासेठ
प्रशासन शाखा प्रमुख

अवगतार्थ :-
–श्री नगर प्रमुख ज्यू ,

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी, नेपाल

## स्थानीय तहको आर्थिक ऐन, २०७९

**प्रस्तावनाः मनराशिसवा**नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम **मनराशिसवा नगरपालिकाको** १० औ नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल माघ १ गतेदेखि **मनराशिसवा** नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः मनराशिसवा**नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः मनराशिसवा**नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** मनराशिसवानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** मनराशिसवानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** मनराशिसवानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** मनराशिसवानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** मनराशिसवानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** मनराशिसवानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** मनराशिसवानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

११. **पार्किङ शुल्कः** मनराशिसवानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, र र्‍याफ्टीङ्ग शुल्कः** मनराशिसवानगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** मनराशिसवानगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** मनराशिसवानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि मनराशिसवानगरपालिकाले तोके अनुसार हुने छ ।

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १

आ.व. २०७९/०८० को लागि करका दरहरु

| | सम्पत्ति मुल्याङ्कन | कर दर रकम रु | कैफियत |
|---|---|---|---|
| | सम्पत्ति मुल्याङ्कन प्रति हजार | १.५ | |
| | जग्गा मुल्याङ्कन प्रति हजार | १.५ | |
| | आय श्रोत प्रमाणित प्रतिलाख | १०० | |
| | घडेरी प्लटिङमा नयाँ बाटा खोल्न लगत कट्टा गर्दाको सिफारिस | | |
| | ० देखी २ कठ्ठा सम्म | १००० | |
| | २ कठ्ठा देखि ५ कठ्ठा सम्म | ५००० | |
| | ५ कठ्ठा देखि माथि | १०००० | |
| | प्लानिङ्ग बाहेक बिगत देखी सार्वजनिक प्रयोगका लागी बनेका बाटाहरुमा | २०० | |
| | घर जग्गा कर | | |
| | पहिलो रु.२,५०,०००। सम्म | ५० | |
| | ५ लाख सम्म | १०० | |
| | १० लाख सम्म | २०० | |
| | १५ लाख सम्म | ३०० | |
| | २० लाख सम्म | ५०० | |
| | २५ लाख सम्म | ७०० | |
| | ३० लाख सम्म | १००० | |
| | ३० लाख देखि ५० लाख सम्म | ०.०८% | |
| | ५० लाख १ करोड सम्म | ०.१५% | |
| | १ करोड देखि २ करोड सम्म | ०.२०% | |
| | त्यस पछि थपमा | ०.३०% | |

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

## आ.व. २०७९/०८० को लागि करका दरहरु

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | बार्षिक दर रु.प्रति कठ्ठा | |
|---|---|---|---|
| | **मालपोत शुल्क (तिरो)** | | |
| १ | १ बिघा १० कठ्ठा भन्दा कम जग्गाको हकमा | ५।- | |
| २ | २ बिघा १० कठ्ठा भन्दा माथि ३ बिघा जग्गाको हकमा | १०।- | |
| ३ | ३ बिघा भन्दा माथि | १५।- | |
| ४ | न्यूनतम ० धुर देखि १ कठ्ठा सम्म | ५।- | |
| | **घरधुरी कर** | | |
| १ | नगरको साधारण | ५०।- | |
| २ | बजारको | १००।- | |

## अनुसूची ३

## आ.व. २०७९/०८० को लागि करका दरहरु

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | कर दर | कैफियत |
|---|---|---|---|
| | बहाल कर | | |
| १ | कुनै पनि निजि व्यक्तिको घर कोठा बहालमा दिएमा घरधनीले नगरपालिकालाई घर,पसल,ग्यारेज,जग्गा गोदाम टहरा भाडामा दिएमा | भाडा रकमको १०% | |
| २ | जग्गा वहाल कर | भाडा रकमको ५% | |
| | कुनै पनि सार्वजनिक सँस्था÷सरकारी कार्यालय÷निजि बैंक÷सहकारी आदिलाई घर, पसल, ग्यारेज,जग्गा, गोदाम,टहरा बहालमा दिएमा | सम्झौता भए रकमको १०% | |

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -४

## आ.व. २०७९/०८० को लागि करका दरहरु

| सि.नं. | व्यवसायको नाम | वार्षिक दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | साधारण प्रकृतिको होटल, चिया ,नास्ता पसल | ५००।- | |
| २ | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | १०००।- | |
| ३ | तालिम हल, एट्याच टोइलेट बाथरुम, वाईफाई सहितको होटल | २०००।- | |
| ४ | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | १०००।- | |
| ५ | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज, कपडा/जुत्ता/चप्पल पसल, नर्शरी (फलफुल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रिबितरण), मेडिकल/एग्रोभेट | १०००।- | |
| ६ | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामाग्रीहरु) | १०००।- | |
| ७ | हार्डवेयर, फर्निचर | १५००।- | |
| ८ | थोक विक्रेता सिमेन्ट र छड | २०००।- | |
| ९ | सुनचाँदि पसल, बोर्डिङ विद्यालय, मनि एक्स्चेन्जर (IME) | २०००।- | |
| १० | सहकारी तथा लघुवित्त दर्ता शुल्क रकम | ५०००।- | |
| ११ | सहकारी तथा लघुवित्त नविकरण शुल्क रकम | १०००।- | |
| १२ | बैंकिङ तथा बित्तीय कारोवार | १००००।- | |
| १३ | निर्माण ब्यबसाय नयाँ दर्ता | १५०००।- | |
| १४ | निर्माण ब्यबसाय नविकरण | २०००।- | |
| १५ | टेलर/सैलुन/विउटी पार्लर, फ्रेश हाउस, स्टेशनरी | ५००।- | |
| १६ | ईलेक्ट्रोनिक्स पसल(मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलिका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु), साइवर, ट्रेकिङ एजेन्सि | १०००।- | |
| १७ | अन्य व्यवसाय | ५००।- | |
| १८ | रक्सी वियर थोक पसल | २०००।- | |
| १९ | रक्सी वियर खुद्रा पसल तथा होटल | १०००।- | |
| २० | ईटा भट्ठा | २५०००।- | |
| २१ | पेट्रोल पम्प | १००००।- | |

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

आ.व. २०७९/०८० को लागि करका दरहरु

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | बार्षिक दर रकम रु | कैफियत |
|---|---|---|---|
| | बहाल कर | | |
| १ | उनको ब्यबसाय | २०००।— | |
| २ | जडिबुटीको ब्यबसाय | २०००।— | |
| ३ | कबारी माल | ३०००।— | |
| ४ | हाड,सिङ्ग ,प्याख ,छाला | ३०००।— | |

अनुसूची ६

आ.व. २०७९/०८० को लागि करका दरहरु

| क्र.सं. | सवारीको किसिम | वार्षिक | पटके | विदेशी |
|---|---|---|---|---|
| 1 | ट्रक ,टीप्परवाट वालुवा गीटी ढुवानी गर्दा प्रति ट्रीप | | १००।— | १६०।— |
| 2 | बस तथा हेवी सवारी | २०००।— | २५।— | ७५।— |
| 3 | ट्रेक्टर (ढुवानी गर्दा ) लोड भएको | १५००।— | १०।— | २५।— |
| 4 | कार जिप टेम्पो टेक्सी हलुका सवारी राती १२ बजे सम्म | १०००।— | १५।— | ३५।— |
| 5 | टेम्पो, ई.रिक्सा | १०००।- | १०।- | १५।- |
| 6 | कारिक स्थानको लागि सवारी साधन लाइ | निशुल्क | | |

राघवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

मनरासिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

## अनुसूची ७

## आ.व. २०७९/०८० को लागि करका दरहरु

| क्र.सं. | विवरण | वार्षिक | कैफियत |
|---|---|---|---|
| 1 | मादक पदार्थ धुम्रपान | | |
| | क) होडिंगवोर्ड /डि.पि.एस.वोर्ड ÷ ग्लो | राखन नपाउने | |
| | ख) भित्ते लेखन | | |
| | ग) तुल व्यानरमा | | |
| 2 | होटल तथा व्यापार व्यवसायको प्रवद्र्धन र सवारी साधन | | |
| | क) होडिंगवोर्ड / डि.पि.एस.वोर्ड / ग्लो | १५००। — | |
| | ख) भित्ते लेखन | | |
| | ग) तुल व्यानरमा | | |
| 3 | अन्य | | |
| | क) होडिंगवोर्ड / डि.पि.एस.वोर्ड / ग्लो | १०००। — | |
| | ख) भित्ते लेखन | | |
| | ग) तुल व्यानरमा | | |

## अनुसूची 8

## आ.व. २०७९/०८० को लागि करका दरहरु

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | कैफियत |
|---|---|---|---|
| 1 | जादु, चटक, सर्कस र रमाईलो मेला | | |
| | जादु,चटक,नाटक सर्कस देखाए बापत | १००। — | प्रतेक पटकको |
| | प्रतिदिन रु. १,००० देखी १०,००० सम्म स्तर हेरी प्रमुखले तोक्ने | २०००। — | |
| 2 | मानोरञ्जन कर | | |
| | चलचित्रहल ब्यवसाय बार्षिक | १५०००।- | |

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ९

## आ.व. २०७९/०८० को लागि करका दरहरु

१. यस नगरपालिका अन्तर्गत नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा पसल वन्दोवस्तीको आ.व.२०७९।०८० मा प्रति पसल घरको कर प्रमुखले तोक्न सक्ने छ

## अनुसूची १०

## आ.व. २०७९/०८० को लागि करका दरहरु

यस नगरपालिकाको सडकहरु व्यवस्थित गरि पार्किग स्थलहरु तोकेपछि देहायका सवारीसाधनमा निम्न वमोजिम पार्किग शुल्क लिने निर्णय गरि कर निर्धारण गर्न निर्णय गरिएको छ ।

कार्यपालिका वा नगर सभा बाट पारित भए अनुसार हुनेछ

## अनुसूची १2

## आ.व. २०७९/०८० को निवेदन तथा सिफारिस दस्तुर

| सि.नं. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| 1 | व्यक्तिगत सिफारिस | १०० | |
| 2 | संघ संस्थाको सिफारिस | १०० | |
| 3 | नागरिक्ता सिफारिस | ५० | |
| 4 | नागरिक्ता प्रतिलिपि | २०० | |
| 5 | नाता प्रमाणित जिवित सँगको वा मृतक सँगको | २०० | |
| 6 | मदिरा उधोग सिफारिस | १०००० | |
| 7 | मदिरा पसल संचालन | ५००० | |
| 8 | घर जग्गा नामसारी सिफारिस | ५०० | |
| 9 | मोही लगत कट्टा सिफारिस | ५०० | |
| 10 | घर कायम सिफारिस | | |
| 11 | १. कच्ची घर कायम सिफारिस | २५० | |
| 12 | २. पक्की घर कायम सिफारिस | ५०० | |
| 13 | छात्रबृति सिफारिस | निःशुलक | |
| 14 | आपङ्ग सिफारिस | निःशुलक | |
| 15 | स्थायी र अस्थायी बसोवास सिफारिस | २०० | |
| 16 | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | २५ लाख सम्म रु५०० र सो भन्दा | |

| | | | |
|---|---|---|---|
| | | बढी मूल्याङ्कन भएमा रु १००० | |
| 17 | आर्थिक अवस्था कमाजोर वा विपन्नता प्रमाणित | नि:शुल्क | |
| 18 | विधुत र धारा जडान सिफारिस | ३०० | |
| 19 | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | |
| 20 | फरक जन्ममिति संशोधन सिफारिस | २०० | |
| 21 | जग्गा मुल्याङ्क सिफारिस र प्रमाणित (२५ लाख भन्दा माथिलाई लाइ ) | ५०० | |
| 22 | व्यवसाय बन्द र संचालनमा नरहेको सिफारिस | १००० | |
| 23 | व्यपार व्यवसाय नभएको सिफारिस | ५०० | |
| 24 | कोर्ट फि मिनाहा सिफारिस | १०० | |
| 25 | नावालक परिचय पत्र सिफारिस | २०० | |
| 26 | चौपाया सम्बन्धि सिफारिस | १०० | |
| 27 | व्यवसाय दर्ता सिफारिस | ५०० | |
| 28 | संस्था÷ व्यवसाय दर्ता | ५०० | |
| 29 | व्यवसाय नविकरण | २०० | |
| 30 | उधोग र विधालय ठाउँसारी सिफारिस | १००० | |
| 31 | विधालय संचालन स्वीकृत र | २०००० | |
| 32 | कक्षा बृद्धि सिफारिस | १०००० | |
| 33 | जग्गा दर्ता सिफारिस | ३०० | |
| 34 | संरक्षक सिफारिस | १०० | |
| 35 | नेपाल सरकारको नाममा बाटो सिफारिस | ३०० | |
| 36 | घरबाटो र चारकिल्ला प्रमाणित | २०० | |
| 37 | हकवाला वा हकदार प्रमाणित | ३०० | |
| 38 | अबिबाहित सिफारिस | २०० | |
| 38 | जग्गा धनिपुर्जा हराएको सिफारिस | २०० | |
| 39 | घर कायम गर्ने सिफारिस | ३०० | |
| 40 | मिलापत्र कागज र उजुरी दर्ता | १०० | |
| 41 | विवाह दर्ता (३५ दिन भित्र निशुल्क ) | २०० | |
| 42 | जन्म दर्ता (३५ दिन भित्र निशुल्क ) | २०० | |
| 43 | मृत्यु दर्ता | २०० | |
| 44 | बसाइसराई | २०० | |
| 45 | घटना दर्ता प्रतिलिपि र पंजिकरण घटना दर्ता | ५०० | |

| | | | |
|---|---|---|---|
| 46 | उधोग दर्ता सिफारिस | ५००० | |
| 47 | चल अचल सम्पति सिफारिस | २५ लाख सम्म रु.५०० र सो भन्दा माथि रु.१००० | |
| 48 | संस्थालाई अनुभव पत्र | ५०० | |
| 49 | ईन्डियन तथा युके पेन्सन सिफारिस | १००० | |
| 50 | अन्य पेन्सन | ५०० | |
| 51 | अंशवण्डा सम्बन्धी | ५०० | |
| 52 | अन्य सिफारिस | १०० | |
| 53 | राहदानी सिफारिस | १०० | |
| 54 | घर विधुत मिटर सिफारिस | १०० | |
| 55 | घर बाहेक अन्य विधुत मिटर सिफारिस | ५०० | |
| 56 | जन्म सिफारिस | २०० | |
| 57 | मधेशी प्रमाणित | नि:शुल्क | |
| 58 | निवेदनमा टिकट वापत | १० | |
| 59 | नक्कल दस्तुर प्रति पाना | ५ | |
| 60 | जग्गा धनी श्रेष्ता कायम | ५०० | |
| 61 | संघ संस्था सुचिकृत | १०० | |
| 62 | न्यायिक समितिमा दिने उजुरी तथा प्रतिउतर वापत | ५०० | |
| 63 | न्यायिक समिति बाट नाप नक्सा को लागि अमिन प्राविधिक दस्तुर रु | २१०० | |
| 64 | कपाली तमसुक प्रमाणित गरे वापत रकम २ लाख सम्म धनि बाट | २०० | |
| 65 | कपाली तमसुक प्रमाणित गरे वापत रकम २ लाख भन्दा बढी धनि बाट | ५०० | |
| 66 | अनौपचारिक शिक्षा दर्ता एबम नबिकरण | ५०० | |
| 67 | कक्षा तथा तह थप गर्ने | कक्षा थप | तह थप |
| क | संस्थागत | ५००० | १०००० |
| ख | सामुदायिक | २५०० | ५००० |

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

## आ.व. २०७९/०८० को नक्सा दस्तुर

| सि.नं. | विवरण | कर दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | नक्सा पास नयाँ ( प्लिन्थ एरिया को प्रति वर्ग फिट ) | रु.७।— | अबिलेखिकरणको हकमा |
| २ | नक्सा पास अभिलेखिकरण ( प्लिन्थ एरिया को प्रति वर्ग फिट ) | रु.५।— | अबिलेखिकरणको हकमा |
| ३ | नक्सा पास पुस्तिका | रु.५००।— | |
| ४ | पक्कि खपडा घर प्रति घर | रु. १०००।— | |
| ५ | कच्चि खपडाको घर इजाजत दस्तुर | रु.५००।— | |
| ६ | कम्पाउण्डवाल प्रति वर्ग फिट | रु. ५०।— | |
| ७ | अन्य नक्शा सम्वन्धि कागजात प्रतिलिपी दस्तुर | रु. ५००।— | |
| ८ | घर नक्शाको प्रतिलिपी दस्तुर | रु. ५००।— | |
| ९ | अमिन सेवा शुल्क | रु. २५००।— | |

## आ.व. २०७९/०८० को अन्य सेवा शुल्क तथा दस्तुर

| सि.नं. | विवरण | २०७९/०८०को | कैफियत |
|---|---|---|---|
| १ | अमिन सेवा शुल्क ( सार्वजनिक सम्पति वाहेक ) | २५००।— | |
| २ | उजुरी दर्ता ,, | २००।— | |
| ३ | मुद्धा दर्ता गराउदा ,, | ४००।— | |
| ४ | मरेको गाई भैसी आदी फाल्दा | 2000।— | |
| ५ | नक्सा नामसारी भुई तल्ला घरमा रु.३०००।००सो भन्दा माथि प्रति तल्ला रु.१०००।०० थप हुने | | |

## आ.व. २०७९/०८०

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | जेसिवि प्रतिघण्टा इन्धन समेत | रु.१८००।— | |
| २ | टेकटर प्रतिघण्टा इन्धन वाहेक | तोकिएनुसार | |
| ३ | एम्वुलेन्स अन्यको हकमा —प्रति ट्रिप | रु.५००।— | |
| ४ | एम्वुलेन्स नगरपालिका बाहिर—प्रति कि.मि.रु.६० इन्धन समेत | रु ६० प्रति कि.मी. | सुत्केरीलाई न.पा.को बर्थिंग सेन्टर सम्म ल्याउन निशुल्क |

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

| | | | |
|---|---|---|---|
| ५ | | | |
| ६ | भेडा बाखा को जाँच शुल्क | रु.५।– | |
| ७ | गाई भैंसि को जाँच शुल्क | रु.१०।– | |
| ८ | बोका,गोरु को बन्ध्याकरण शुल्क | रु.१५।– | |
| ९ | गोबर परिक्षण शुल्क | रु.१०।– | |
| १० | गर्भवती जाँच शुल्क | रु.१०।– | |
| ११ | कृत्रिम गर्भाधान शुल्क | रु.२५।– | |
| १२ | कुनै किसिमको पशुपंक्षिको शुल्क | रु.५।– | |
| १३ | कुकुरको जाँच शुल्क | रु.२५।– | |
| १४ | माटो परिक्षण जाँच शुल्क | रु.५०।– | |
| १४ | स्वीकृत नक्शा र ईजाजत वेगर भवन निर्माण गरेमा | प्रचलित कानून अनुसार | |
| १५ | अर्कोलाई दुख दिने नियतले वाधा अवरोध हुने गरि निर्माण काम गरेमा | | |
| १६ | निर्दिष्ठ ठाउमा फोहर नफाली जथा भावी फालेमा | | |
| १७ | सार्वजनिक वाटो, स्थानमा अवरोध खडा गरेमा | | |
| १८ | सार्वजनिक सम्पति विगारे, अतिक्रमण गरे अपचलन गरेमा | | |
| १९ | छरछिमेकीको घर आगनमा फोहर फाले वा वातावरण दुर्घन्धित हुने काम गरेमा | | |
| २० | यन्त्र उपकरण वा मनोरंजन साधनवाट छरछिमेकि र समाजको शान्ति भंग हुने काम गरेमा | | |
| २१ | पसलहरुमा मूल्य सूची नराखेमा | | |
| २२ | प्रचलित ऐन नियम र आदेशको उलंघन गरेमा | | |

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत